श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४८, अतिरिक्ताङ्क २५ (ग), मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले धनुषा जिल्ला बटेश्वर गाउँ विकास समिति वडा नं. २ बस्ने पितानाथ उपाध्यायले आफ्नो नाउँमा दर्ता रहेको धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. ६ स्थित कि. नं. १५६ को क्षेत्रफल ०–२–०, सखुवा गाउँ विकास समिति वडा. नं. ४ स्थित कि. नं. १२९ को क्षेत्रफल ३–३–८ र सोही ठाउँको घर घडेरी समेत पोखरेल धर्मशाला संस्थालाई दानपत्र गरी दिँदा लाग्ने रजिष्ट्रेशन दस्तूर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४८, अतिरिक्ताङ्क २५ (ग), मिति २०५५।३।२६ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बंगलादेशका बाढी पीडितहरूको सहयोगार्थ यूनिसेफ मार्फत आपूर्ति गरिने ४४० मे. टन (यूनिमिक्स) ब्लेण्डेड फुड बंगलादेश निकासी गर्दा लाग्ने भन्सार महसूल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
केशवबहादुर थापा
उप-सचिव

256



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।